# स्थानीय राजपत्र


## निस्दी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८,    संख्या ५,    मिति २०८१/०७/१४


## भाग १

## निस्दी गाउँपालिका

## लुम्बिनी प्रदेश, नेपाल

## निस्दी गाउँपालिका कृषि मेशिनरी खरिद मापदण्ड, २०८१

निस्दी गाउँपालिका र अर्न्तगतका वडा कार्यालयहरु मार्फत कृषि मेशिनरी खरिदमा एकरुपता कायम गरी लागत न्यूनीकरण, वित्तिय उत्तरदायित्व र आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम निर्मित "**निस्दी गाउँपालिका कृषि मेशिनरी खरिद मापदण्ड, २०८१**" निस्दी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

***निस्दी गाउँपालिका कृषि मेशिनरी खरिद मापदण्ड २०८१***

परिच्छेद – १

(क) संक्षिप्त नाम र प्रारम्भ

१) यस मापदण्डको नाम कृषि मेशिनरि खरिद तथा वितरण मापदण्ड २०८१ रहने छ

२) यो मापदण्ड तुरुन्त लागु हुने छ।

(ख) परिभाषा: विषय र प्रसंगले अर्को अर्थ नलागेमा

१) अनुदान भन्नाले निस्दी गाउँपालिकाले कृषकहरुलाइ उपलब्ध गराउने रकम सम्झनु पर्दछ।

२) कार्यक्रम भन्नाने कृषि तथा पशु व्यवसाय संग सम्वन्धित मेशिनरी आइटम खरिद सम्झनु पर्दछ।

३) अनुदानग्राही भन्नाले अनुदान प्राप्त गर्ने कृषक,फर्म , कृषि समुह , कृषि सहकारी सम्झनुपर्दछ।

४) कार्यालय भन्नाले निस्दी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

५) कृषि भन्नाले खेतिपाती मौरिपालन, पशुपालन , फलफुल खेति, च्याउ लगायत खेत देखी पेट सम्मको सम्पुर्ण कृयाकलाप गर्न कम्तिमा ६ महिना कृषि कार्य गर्ने कृषकलाइ सम्झनु पर्दछ।

(ग) उद्देश्य: यस कार्यक्रम अन्तर्गत निम्न कार्यक्रम हासिल हुनेछन।

१) उत्पादन र उत्पादकत्व बढ्ने साथै उत्पादन लागत कम गराउने

२) परम्परागत रुपमा रहदै आइरहेको गोरु तथा अन्य खर्चिलो जोताइ माध्यमलाइ विस्थापित गराउने

३) भुगोल अनुसारको जमिनमा मिनिटिलरको माध्यमबाट कृषि कार्य गर्ने

४) वैदेसिक रोजगारबाट फर्किएका (skilled returnees) लाइ आधुनिक कृषि तथा व्यवसायिक खेतिपाति तर्फ उत्सुक गराउने,

५) व्यवसायिक रुपमा खेति गर्ने कृषकलाइ मुख्य प्राथमिकता दिने

६) भौगोलिक क्षेत्र अनुसार तथा हाल सम्मपनि कुनै कुटानि पिसानि मिल नभएके टोलमा मिल उपलब्ध गराउने।

७) अन्य फिल्डमा आयआर्जन गर्न नसक्ने कृषक तथा कृषिलाइ नै ब्यवसायक बनाइ आम्दानि गर्न तथा आ-आफ्नो टोलमा सेवा प्रवाह गर्ने गरिब तथा निम्न वर्गिय कृषकलाइ प्राथमिकता दिने।

(घ) कार्यक्षेत्र

निस्दि गाउपालिकाको सम्पुण वडाहरुमा यो कार्यक्रम लागुहुने छ।

वडा कार्यालयहरुको जिम्मेवारी

(१) कार्यक्रम सचांलन गर्न उद्देश्य अनुसारको कृषक छनोट गर्ने

(२) वितरण तथा सचांलनमा सहजिकरण गर्ने

(३) कार्यक्रमको उद्देश्य हासिल गरे नगरेको जानकारी प्राप्त गर्ने

(४) अनुदान प्राप्त कृषकले अन्य छिमेकी कृषकलाई सेवा उपलब्ध गराए नगराएको निगरानि गर्ने

(ङ) अनुदान प्राप्त कृषकले मेसिनरि चिजको हिनामिना तथा अन्यत्र विक्रिवितरण गरेको नगरेको जानकारी तथा हिनामिना गरेको पाईएमा यस पालिकामा जानकारी गराउने

(च) कृषक छनोट: गाउँपालिका कृषि शाखाले वडाकार्यालय मार्षत सुचना प्रकाशन गरि उद्देश्य तथा आवश्यकता अनुशार कृषक छनोट गर्नेछ। छनोटमा गाउँपालिका प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत तथा प्रशासकिय अधिकृत, लेखा प्रमुख, वडा अध्यक्ष र सम्वन्धित शाखाको संयोजक, सहितको निर्णयमा छनोट गर्ने छ ।

(छ) कार्यक्रम संचालन प्रक्रिया: यस कार्यक्रमलाई सहि र उपलब्धिमुलक बनाउन निम्न विधि अपनाईने छ ।

(१) गाउँपालिकाको कृषि मेसिनरि सामान खरिदमा एकरूपता ल्याउन मूल्य व्यवस्थापनको लागि आवश्य स्पेशिफिकेसन सहितको अनुमानित स्टिमेट तयार गरिने छ।

(२) सोहि विवरण अनुसार आपूर्तिकताहरुको लागि २१ दिने सुचना प्रकाशन गरिने छ।

(३) आपूर्तिकताहरुले कागजात पेश गर्दा आपुर्ति गर्न सक्ने यन्त्रको विस्तृत विवरण सहित यस निस्दी गा पा लाई सम्पर्क गर्नेछन् ।

(४) आपूर्तिकर्ताहरुले पेश गरेको कागजातको आधारमा सम्बन्धित शाखा प्रमुख सहितको मुल्याङकन समितिले योग्य आपूर्तिकर्ता छनोट गर्नेछ।

(५) छनोटमा परेका आपूर्तिकर्ता संग गाउँपालिकाको छनौट कृषकलाई सम्पर्क गराई गाउँपालिकाले तोकेको न्यूनतम मापदण्ड तथा वढीमा कृषकको माग तथा चाहाना अनुसारको सामान उपलब्ध गराउने छ।

(६) १ वटा कार्यक्रम मार्फतको मिनिटिलर तथा कुटानिपिसानि मिल कृषकले ईच्छाएको मोडल तथा पावर अनुसार खरिद गर्न सक्ने छ।

(७) गा पा ले तोकेको फर्म मध्ये जुनसुकै फर्मवाट सामान खरिद गर्न पाउने छ।

(८) कृषक स्वय पुर्णशुल्क तिरेर ल्याउन पाउने छ र सोहि अनुसारको ५० प्रतिशत वा बढिमा पालिकाले उपलब्ध गराउन सक्ने अनुदान रकम

कृषक स्वंयमले भुक्तानिको लागि गाउँपालिकामा माग गर्नुपर्ने छ र सोही अनुसार गा पा ले भुक्तानिको लागि गाउँपालिकाले उपलब्ध गराउन सक्ने अनुदान रकम कृषकलाइ भुक्तानिको दिने छ।

(९) पुर्ण शुल्क तिर्न नसक्ने कृषकलाई आपुर्तिकर्तासँग समन्वय गरि केहि कृषकहरुको आपुर्तिकर्ता स्वंयम लाई ५० प्रतिशत रकम भुक्तानि दिन सक्ने छ भने ५० प्रतिशत कृषक मार्फत लिनुपर्नेछ ।

(१०) नियमानुसार खरिद भएको सामान प्राविधिक अनुगमन तथा सिफारिसको आधारमा भुक्तानि हुनेछ।

(ङ) खर्च मापदण्ड:

(१) कार्यक्रममा सहभागि हुने प्रति अनुदानग्राहिहरुले प्राप्त कोटेशनको आधारमा समितिले निर्धारण गरेको मुल्य र खरिद विलको ५० प्रतिशत मध्य कम हुन आउने रकम मिनिटिलर , कुटानिपिसानी लगायत अन्य उपकरण को लागि गाउँपालिका मार्फत अनुदान प्राप्त गर्ने छ ।

(२) अनुदानग्राहिले यो भन्दा पहिले अन्य गाँउपालिका वा निकाय वा कुनै क्षेत्रवाट अनुदान नलिएको प्रमाण तथा सम्बन्धित वडाकार्यालयको सिफारिस पेश गर्नुपर्ने छ ।

(३) उपदफा १र२ मा जे लेखिएको भएतापनि यदी ३ लाख भन्दा माथिको सामुहिक आवश्कता रहेको र बहुसंख्यक कृषक र समुदायलाइ सेवा दिने खालका थ्रेसर, स्यालो ट्यूवेल डिपवोरिङ मिल लगायतका मेशिन तथा सेवामा कम्तिमा २५% मात्र कृषकको लागत सहभागिता हुने गरि गाउँपालिकाले कार्यपालिकाको निर्णय मार्फत सार्वजनिक खरिद ऐन २०६३ को दफा ८५ वमोजिम सोझै खरिद गरि टोल विकास सस्था वा जिम्मेवार समुह को नियन्त्रणमा जिम्मा लगाउन सक्ने छ ।

परिच्छेद - ३

(च) कारवाहि व्यवस्था: कार्यालय तोके वमोजिम तथा नियमानुसार नगर्ने कृषकलाई कार्यालयले अनुदान रोक्का गर्न सक्नेछ ।

(छ) वाधा अड्कन फुकाउ:

कार्यक्रम कार्यान्वयनको क्रममा कुनै वाधा वा विवाद उत्पन्न भएमा सोको अन्तिम निर्णय गाँउपालिका कार्यालयले गर्नेछ ।

(ज) प्रचलित कानुन वमोजिम हुने ।

यस कार्यविधिमा उल्लेख भएका विषय यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन वमोजिम हुने छ ।